राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

www.newsbutwaltoday.com

राष्ट्रिय दैनिक

बुटवल टुडे

साझा विचार, ताजा समाचार

वर्ष ११ अंक ३१६ सोमबार १८ भदौ २०८० Monday 4 September 2023 पृष्ठ: ४ मूल्य: ६ रुपैयाँ

आनन्दलोक हास्पिटल एवं टेस्ट ट्यूब बेबी सेन्टर

डा. आनन्द अग्रवाल (एस. एस. यरोलॉजिष्ट) गोल्ड मेडलिस्ट

डा. अल्पना अग्रवाल स्त्री एवं प्रसुती रोग विषेशज्ञ

विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पथरी ट्यूमर एवं अन्य आपरेशन

विश्व का नवीनतम IVF (Test Tube Baby Centre)

आई सी एस आई (ICSI), आई यू आई (IUI)

एग डोनेशन, एम्ब्रियो डोनेशन, बांझपन का इलाज

बार बार गर्भपात, गर्भाशय में गांठ, फेलोपियन ट्यूब का बन्द होना, नशबंदी, शुक्राणु सम्बन्धी सभी समस्याओं का इलाज

सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)

सम्पर्क - ००९१-६३९०५८७९९७

क्षयरोगी पत्ता लगाउन 'खकार ढुवानी'

कृष्ण खनाल
बुटवल, १७ भदौ।

लुम्बिनी प्रदेशमा क्षयरोगी अर्थात टिबीका विरामीहरूको पत्ता लगाउनको लागि खकार ढुवानी सेवा सुरुवात भएको छ। प्रदेशका गाउँ गाउँमा रहेका क्षयरोगको संभाभित मानिसहरू सहज रूपमा प्रयोगशाला सम्म पुग्न सक्ने अवस्था अहिले पनि छैन। गाउँको स्वाथ्य चौकीमा क्षयरोग परिक्षण गर्ने जीन एक्सपटको सेवा तथा सुविधाको अभाव रहेको छ। यसै कारणले गर्दा प्रदेशममा खकार ढुवानी सेवा सुरुवात भएको हो।

एक संस्थाको सहयोगमा अहिले प्रदेशका ९ वटा जिल्लामा ६८ पालिकाहरूमा यो सेवा जारी रहेको छ। क्षयरोग संक्रमितको अवस्था बारेमा जानकारी लिनको लागि यसरी पालिकामा रहेका स्वाथ्य चौकी, केन्द्र मा संकलन गरिएको खकार परिक्षणको लागि निःशुल्क रूपमा प्रयोगशाला सम्म ल्याउने व्यवयवस्था सरकारले गरेको हो।



यसको लागि अहिले लुम्बिनी प्रादेशिक प्रयोगशाला, लुम्बिनी प्रादेशिक अस्पताल सहितका पाल्पामा दुई वटा अस्पता, बाँकेमा ३ वटा अस्पताल, कपिलवस्तुमा २ वटा अस्पतालमा यो सेवा जारी रहेको छ। यसरी गाउँ गाउँमा संकलन गरिएको खकर परिक्षणबाट लुकेर रहेका व्याक्तिहरूमा पनि क्षयरोग पत्ता लाग्ने दरमा बढोत्तर आएको सेभ द चिल्ड्रेनका लुम्बिनी प्रदेश बरिष्ठ कार्यक्रम प्रमुख मिम बहादुर सिंह बताउँछन्। उनका अनुसार पहिलाको तुलानामा ४३ प्रतिशत भन्दा बढि क्षयरोग पत्ता लाग्ने दरमा समेत १७ प्रतिशतले वृद्धि भएको उनको भनाई रहेको छ।

सरकारले व्यवस्थापन गरेका जिन एक्सपर्ट बाट यसको परिक्षण हुँदै आएको छ। एउटा परिक्षण गरेको एक्सर्पटले ५० रूपैयाँ पाउने व्यवस्था समेत गरिएको छ। जसबाट संका लागेका विरामीहरूको विषयमा ओपीडीमा रहेका चिकित्सकहरूले खकार परिक्षणको लागि सम्बन्धीत प्रयोगशालामा सिफारिस समेत गर्दै आएका छन्।

यसरी संकलन गरेको खबर बढिमा ७ दिन भित्र प्रयोगशाला सम्म लैजाने व्यवस्था गरिएको छ। प्रदेशका १८ वटा स्थानमा यसको परिक्षण हुदै आएको छ। लुम्बिनी प्रदेशमा यसरी गाउँ गाउँबाट परिक्षण सेवा घरमा नै उपलब्ध भएपछि क्षयरोगको उपचारको लागि समेत सहज भएको बताइएको छ। सुरुवातमा पत्ता लगाउन नै समस्या भएको बेलामा पत्ता लागे पछि उपचारको लागि सहज हुने गरेको छ।

प्रदेशमा क्षयरोगको अवस्था:

जिल्ला	संख्या
रोल्पा	२८७
पाल्पा	३३४
रूकुम	५२
प्युठान	३४९
गुल्मी	२५७
रूपन्देही	१७४२
नवलपरासी पश्चिम	४७०
बाँके	११०२
दाङ	१२९३
बर्दिया	६७८
कपिलवस्तु	९१४
जम्मा	६७९९
जम्मा मृत्यु	२६७

क्षयरोगको बास्तविक तथ्यांकको लागि समेत प्रदेशमा काम भएका छन्। तथ्याङ्क भन्दा बास्तविक तथ्याङ्क आएको छ भने केस समेत नयाँ पत्ता लाग्ने दर समेत बृद्धि भएको छ। निजी अस्पतालमा आउने विरामीहरूको समेत परिक्षण गरी सोही अनुसारको डाटा म्यानेजमेन्ट नेटवर्कमा जडान गरिएको कारण अहिले निजी क्षेत्रबाट समेत क्षयरोगका विरामीहरूको अवस्थ बारेमा विवरण आउन थालेको छ।

१५वटा सरकारी अस्पताल र १२ वटा निजी अस्पताल तथा स्वाथ्य संस्थाहरूमा टेक्नीकल नेटवर्क गठन गरिएको छ। जसको नियमित रूपमा बैठक तथा छलफल समेत हुने गर्दछन्। जसकाट पनि डाटामा सुधार आएको हो। अघिल्लो बर्ष मात्रै ८ हजार ८५ जना नयाँ केश पत्ता लागेको छ। प्रति लाख मा १ ५७ जना क्षयरोगी भएको केन्द्रीय तथ्याङ्क छ। यसले पहिचान गर्नको लागि सबैभन्दा ठुलो भुमिका निर्वाह गरेको छ।

स्वास्थ्य निर्देशनालय लुम्बिनीका टिभी,एचआईभी फोकल पर्सन राम प्रसाद भट्टराई भन्छन्-' डाटा म्यानेजमेन्ट राम्रो भएको छ टिभी एचआईभी मलेरीया लगायका क्षेत्रमा राम्रो सहयोग पाएको छौ जस्ले गर्दा तथ्याङ्क जिरो प्रतिशत ईरर आएको छ।'

यातायात सेवा कार्यालय परासीले उठायो १२ करोड राजश्व

बेचु गौड
नवलपरासी, १७ भदौ।

जिल्ला सदरमुकाम परासी स्थित यातायात ब्यवस्था सेवा कार्यालयले गत आर्थिक बर्षमा यातायात सेवा सम्बन्धि सेवा प्रदान गरि १२ करोड बढि राजश्व संकलन गरेको छ। विगत बर्षमा भैरहवा र बुटवलबाट सेवा लिदै आएका नवलपरासीका बासिन्दालाई जिल्लामै सेवा उपलब्ध गराउने गरि लुम्बिनी प्रदेश सरकारले कार्यालय सञ्चालनमा ल्याए पछि यातायात सेवासँगै सो राजश्व संकलन भएको कार्यालयले जानकारी गराएको हो।

विभिन्न चार शीर्षकमा यातायात सेवा कार्यालयले गत आर्थिक बर्षमा कुल १२ करोड ८६ लाख ४ हजार ३ सय ९५ रुपिया राजस्व संकलन भएको कार्यालय प्रमुख मुक्ति प्रसाद पाण्डेयले जानकारी गराए। उनका अनुसार यातायात सेवा कार्यालयबाट गत आर्थिक बर्षमा यातायात क्षेत्रको आमदनी,सवारी दर्ता किताब सम्बन्धि दस्तुर,सवारी साधन कर र आयकरमा राजश्व संकलन गर्दै आएको छ। जस्मा यातायात क्षेत्रको आम्दनी १५ लाख ५५ हजार ६५ रुपिया, सवारी दर्ता किताब सम्बन्धि दस्तुर १ करोड ७ लाख ९ हजार २ सय ५० रुपिया रहेको त्यसमा पनि (सवारी चालक अनुमतिपत्र नविकरणको रु ८ लाख २ हजार ५ सय रुपिया) रहेको छ। सवारी साधन कर मा सबै भन्दा बढि ११ करोड १४ लाख ९४ हजार ७५ रुपिया र आयकर ४८ लाख ४६ हजार ५ रुपिया गरि कुल १२ करोड ८६ लाख ४ हजार ३ सय ९५ रुपिया राजश्व संकलन भएको तथ्याँक छ।

यातायात कार्यालयले गत बर्षमा सार्वजनिक तथा निजी सवारी साधन नबिकरण १७ हजार १ सय ९० वटा गरेको छ, भने जाँचपास नवीकरण ७ सय ९४, बाटो इजाजत नवीकरण १ सय ५३ वटा,अस्थाई बाटो इजाजत १ हजार ७ सय २४ र सवारी कारवाही (ओभरलोड बोकेको भारतिय सवारी) ७ सय ६५ वटा र सवारी चालक अनुमतिपत्रको नविकरण ३ सय ४८ वटा रहेको कार्यालय प्रमुख पाण्डेयले बताए। गत बर्षको अनुपातमा यो बर्षको एक महिनाको राजश्व समेत संकलन भएको बताउँदै उनले अहिले केही सेवा थप भएको हुदा राजश्व वृद्धि हुन सक्ने दाबी गरेका थिए। यातायात सेवा कार्यालयको पहिलो प्राथमिकता नागरिकलाई सेवा प्रदान गर्नु हो,उनले भने,सेवा वापत लाग्न दस्तुरबाट राजश्व पनि संकलन गर्ने दोश्रो प्राथमिकता हो। अहिले राजश्व संकलनसँगै जिल्लाबाटै यहाँका नागरिकले सेवा पाउने ब्यवस्था आउनु राहत पनि भएको छ।

(बाँकी पृष्ठ २ मा)

नेपाली क्रिकेट ईतिहासमा २७ वर्षपछि
भारतसँग पहिलो पटक खेल्दै नेपाल

बुटवलटुडे संवाददाता
काठमाडौं, १७ भदौ।

नेपाली क्रिकेट टिमले पहिले पटक भारतीय टिमि संग प्रतिष्पर्धा गर्ने भएको छ।नेपाली क्रिकेट टिमले भारतको सिनियर टिमसँग अहिलेसम्म प्रतिस्पर्धा गरेको छैन। छिमेकी भारतले क्रिकेटमा प्रभाव जमाउन थालेको चार दशक भए पनि एसोसिएट टिम नेपाललाई भारतीय सिनियर टिमसँग खेल्ने कहिल्यै मौका जुर्न सकेन।

अन्तर्राष्ट्रिय क्रिकेट खेल्न थालेको २७ वर्षसम्म पनि नेपाली क्रिकेट टिमका लागि छिमेकी भारत बिरानो जस्तै भयोनेपालले भारतका यू-१९ टिम र 'ए' टिमसँग भने विभिन्न प्रतियोगितामा प्रतिस्पर्धा गरेको छ। पछिल्लोपटक नेपालले भारतको 'ए' टिमसँग प्रतिस्पर्धा गरेको दुई महिना पनि पूरा भएको छैन। एसीसी इमर्जिङ टिम्स कपअन्तर्तग नेपाल र भारतबीच श्रीलंकामा प्रतिस्पर्धा भएको थियो। समूह चरणको खेलमा नेपालले राम्रो खेल भने देखाउन सकेन। नेपाल १६७ रनमा अलआउट भयो। नेपालका लागि कप्तान रोहित पौडेलले ६५ रन जोडेका थिए। ९ विकेटको जित निकालेको भारतका लागि आइपिएलको अनुभव बटुलेका साइ सुदर्शन र अभिषेक शर्माले अर्धशतक हाने। भारतका उमेर समूहका टिमसँग सधैं नेपालले संघर्ष गर्ने गरेको छ।

(बाँकी पृष्ठ २ मा)

महेशपुर-सुनवल
चार अर्बमा चार लेन सडक

बिकास अधिकारी
सुनवल, १७ भदौ।

पश्चिम नवलपरासीको मुल भन्सार नाका, महेसपुर भन्सारदेखि पुर्वपश्चिम राजमार्ग सम्म जोड्ने गरी फराकिलो सडकको पहुँच विस्तार गर्न काम सुरु भएको छ। संघीय सरकारको लगानीमा व्यापारीक नाका विस्तार आयोजना अन्तर्गत महेसपुर सिमा नाका देखि पुर्व पश्चिम राजमार्गको सुनवल सम्म चारलेनमा सडक स्तरउन्नती गर्ने काम सुरु भएको हो। साढे २० किलोमिटर सडक स्तरउन्नती गर्न चार अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ।

सोहि अनुरूप बहुवर्षिय योजनाको रूपमा काम अगाडी बढाउन पहिलो चरणमा डेढ अर्ब बजेट माग गरिएकोमा यो वर्ष ३० करोड बराबरको काम सुरु भएको सडक डिभिजन कार्यालय बुटवलका ईन्जिनियर महेश्वर लम्सालले जानकारी दिए। पहिलो चरणमा २१ करोड ११ लाखमा महेसपुर बजार देखि माथि तर्फ सडक विस्तारको काम भईरहेको छ। उक्त बजेटमा १५ सय मिटर सडक चार लेनमा विस्तार हुने छ। गत वैशाख २६ गते सम्झौता भएको सडकको काम १५ महिनामा सक्ने गरी गौरीशंखर हिमालयन कन्स्ट्रक्सनले बिस्तार गरिरहेको छ। चार लेन सडकमा बिचमा डिभाईडर, दायाबायाँ नाली र फुटपाथ निर्माण हुने छ। तर संघिय सरकारले बाँकि रकम भने बजेट अभावका कारण देखाउँदै अझै सुनिश्चित नगरिसकेकाले बाँकि सडकको ठेक्का प्रक्रिया अगाडी बढ्न नसकेको लम्सालले बताए।

'चार अर्ब लागत अनुमान छ, डेढ अर्बको माग गरेपनि बजेट अभावमा स्वीकृत हुन सकेको छैन्, फाईल योजना आयोगमा पुगेर रोकिएको छ लम्सालले भने।' अघिल्लो आर्थिक वर्षमा सिमा नाका दशगजा देखि भन्सार तर्फको झन्डै ७ सय मिटर सडक चार लेनमा विस्तार भएपनि त्यसपछि बजार क्षेत्रमा के गर्ने भन्ने टुङ्गो नलाग्दा अलपत्र परेको थियो। महेशपुर बजार क्षेत्रमा सडक किनारामै घर सहितका संरचना भएकाले त्यसको टुङ्गो लगाउन स्थानिय जनप्रतिनिधिलाई जिम्मा दिईएको सडक डिभिजन कार्यालयले जनाएको छ। बजार क्षेत्रबाटै सडक विस्तार गर्ने भन्ने मोटामोटि कुरा भएको छ, स्थानीय पालिका सहितका जनप्रतिनिधिले त्यसको टुङ्गो लगाएर सहमति गरेपछि मात्रै काम अगाडी बढ्छ लम्सालले भने। पाल्हीनन्दन गाँउपालिकाका अध्यक्ष वैजु प्रसाद गुप्ताले पालिकाले मात्रै चाहेर सडक आसपासका संरचना हटाउन नसक्ने भन्दै त्यसमा पहल भइरहेको बताए। 'हामिले स्थानिय संग छलफल गरिरहेका छौ, सबैको सहमतिमा सडक बजार क्षेत्रबाटै सडक विस्तार हुन्छ अध्यक्ष गुप्ताले भने।'

(बाँकी पृष्ठ २ मा)

देउखुरीका बजार 'शुन्य चहलपहल'

चुमा आचार्य
लमही, १७ भदौ।

आर्थिक मन्दीका कारण केही समयदेखि सुस्ताएका देउखुरीका ठूला तथा साना वजारहरू चाड पर्व नजिकदै गर्दा पनि चहलपहलमा आउन सकेका छैनन्। लमही, भालुवाङ, सिसहनिया र गढवाका वजारहरूमा चहलपहलमा देखिएको छैन।

देशमा देखिएको आर्थिक मन्दी विस्तारै उपभोक्ताहरूमा पनि पर्न थालेको छ। मन्दीसगै काम चलाउदै फजुल खर्च नगर्ने मनस्थितिमा उपभोक्ताहरू देखिन थालेका छन। चाड पर्वमा नयाँ लुगा लगाउनु पर्छ भन्ने मान्यताका साथ प्रायजसो चाड पर्वमा लत्ता कपडा किन्ने प्रचलन चल्दै आएको छ। तर यस वर्ष उपभोक्ताहरू प्रचलनको निरन्तता भन्दा पनि काम चलाउ भन्ने सोचमा देखिएका छन्।

लमही नगरपालिका वडा नम्वर ८ सतवरियाकी माया चौधरी पुरानै लत्ता कपडाले अप्वटारी पर्व मनाउने सोचमा छिन। उनी जस्तै लमहीकी विमला डाँगी पनि पुरानै साडीमा तीज मनाउने सोचमा रहेको बताउँछिन।

(बाँकी पृष्ठ २ मा)

सम्पादकीय

रोजगारीको अवसर सिर्जना गर

पछिल्लोसमय प्रधानमन्त्रीदेखि सरकारका मन्त्रीहरूले युवाहरूको बढ्दो विदेश पलायन रोक्ने भन्दै भाषण गरिरहेका छन। प्रधानमन्त्री र अर्थमन्त्रीको हरेक भाषणमा युवालाई विदेश जानबाट रोक्ने कुरा आईरहेको छ। भाषणमा युवा पलायन रोक्ने भनिएपछि सरकारले विदेश पलायन रोक्ने कसरी भन्ने बिषयमा ठोस कारण दिन सकेको छैन। सरकारले विना आधार युवा पलायन रोक्ने भनेर रोकिने अवस्था पनि छैन। किनभने हरेक युवाले आफ्नो जीवनमा काम, नाम र दामको आकांक्षा राखेका हुन्छन्। यही आकांक्षालाई पूरा गर्न पाखुरीको बल र मस्तिष्कको सिर्जनशीलतालाई उपयोग गर्दै जीवनमा सधैं अगाडि बढ्न लालायित हुन्छन्। त्यसका लागि विदेशै जान तयार छन युवाहरू। त्यसै त नेपालमा राम्रो काम र दामको अभाव छ। नेपालमा रोजगारी दिन नसक्ने, अवसर सिर्जना नगर्ने अनि त्यत्तिकै विदेश पलायन रोक्ने भनेर रोकिने अवस्था पनि छैन। पछिल्लोसमय युवाहरू आफ्नो भविष्य खोजिरहेका छन। उनीहरूमा युगलाई परिवर्तन गर्न सक्ने तागत छ। राज्यले युवालक्षित नीति र कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्न नसक्दा काम, नाम र दामका आकांक्षी लाखौं युवा आज निराश छन्। उनीहरूको यो निराशा देशको राजनीति, समाज र अर्थतन्त्र सबैतिर प्रतिबिम्बित छ। मूलतः राजनीतिक दुराशयले देशको राजनीति विभाजित छ। देशका युवा राजनीतिको कित्ता-कित्तामा विभाजित छन्। राजनीति नै देशमा आर्थिक र सामाजिक परिवर्तनको मियो बनेको अवस्थामा युवाहरू राजनीतिमा जोडिन पुग्नु अस्वाभाविक होइन। तर, राजनीतिभित्रको दुराशयले युवालाई विभाजित मात्रै गरेको छैन, शोषण पनि उत्तिकै गरेको छ। युवालाई राजनीतिक दलको खेतालाको रूपमा मात्रै प्रयोग गरिएकाले उनीहरूको समय र ऊर्जा खेर गइरहेको छ। त्यसैले पनि धेरै युवालाई विदेश पलायन गराएको छ।

आजको २१ औं शदीका युवालाई हरेक क्षेत्रमा अवसर प्रदान गर्नु राज्यको दायित्व हो। यो दायित्वबाट राज्य निरन्तर चुक्दा युवामा राज्यप्रति नै निराशा र वितृष्णा बढेको छ। युवाको भावनामा पोखिने निराशा र वितृष्णाले देशको भविष्य नै अन्धकार हुन सक्ने संकेत गरिरहेको छ। राज्यले यो संकेतलाई बुझ्ने प्रयास समयमै गरेन भने राज्य युवाविहीन हुनेछ। राज्य वृद्धाश्रम बन्ने जोखिम छ। ऊर्जाशील एवं सिर्जनशील युवालाई विदेश पलायन हुन बाध्य पारेर वृद्धवृद्धा, महिला र बालबालिकाबाट मात्रै कस्तो समृद्धिको अपेक्षा गर्न सकिन्छ ? राज्य गम्भीर हुन जरुरी छ। राज्यका पदाधिकारी आफ्नो भूमिका निर्वाहमा गम्भीर नबन्दाको परिणाम हो- युवा पलायन। त्यसैपनि बर्तमान राजनीतिको दिशाबाट युवाजगत निराश छ। अवसरबाट वञ्चित युवा मनमा केही सपना बोकेर अवसरको खोजीमा बिदेसिएको यथार्थलाई हामीले भुल्नु हुँदैन। पछिल्लो तथ्याँक अनुसार देशको कुल जनसंख्यामध्ये युवाको संख्या ४२ प्रतिशत छ। जस अनुसार युवाको जनसंख्या एक करोडभन्दा बढी छ। तर, बिडम्वना भनौं झन्डै आधा संख्या अवसरको खोजीमा बिदेसिन बाध्य छन्। तिनै युवाले पठाएको रेमिट्यान्समा नेपाल अहिले समृद्धिको सपना देखिरहेको छ। युवाले पठाएको रेमिट्यान्सले उनीहरूको घरको चुलो मात्रै बलेको छैन, देशको अर्थतन्त्र पनि त्यसैमा टिकेको छ। यो जतिको विडम्बना के हुन सक्छ ! रेमिट्यान्स परनिर्भरताको परिचायक हो। रेमिट्यान्सले चलेको अर्थतन्त्र सुरक्षित हुन सक्दैन। यसतर्फ राज्यको गंभीर ध्यान जाओस्। अव सरकारको जिम्मेवारी के हुनुपर्दछ भने बाध्यताले बिदेसिएका र स्वदेशमै भएरपनि बरालिएका युवालाई सही मार्गमा डोऱ्याउने र राष्ट्रिय समृद्धिको अभियानमा परिचालन गर्नेतर्फ प्रयास हुनु जरूरी छ। राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका संवाहक मानिएका युवाले नेपालका हरेक राजनीतिक परिवर्तन, लोकतन्त्रको स्थापना र अन्य सामाजिक आन्दोलनहरूमा पनि महत्वपूर्ण योगदान गरेको इतिहास साक्षी छ। तसर्थ युवा विदेश पलायन भएकोमा चिन्ता गर्नुभन्दा सरकारले युवालाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नेतर्फ बाताबरण तयार गरोस्।

दीगो पर्यटन प्रवर्द्धनमा आन्तरिक पर्यटनको योगदान

युवराज कंडेल

नेपाल सरकारले भ्रमण वर्ष २०२० को अवधिमा २० लाख पर्यटकलाई नेपाल भित्राउने र सन् २०३० सम्म वार्षिक ५० लाख पर्यटक भित्राउने महत्वाकांक्षी लक्ष्यसहित सन् २०२० देखि २०३० लाई 'पर्यटन दशक' समेत घोषणा गरेको थियो। १० वर्षमा कुल गार्हस्थ उत्पादन (जिडिपी) मा पर्यटन क्षेत्रको योगदान १० प्रतिशतभन्दा बढी बनाउने योजना सरकारले बनाएको थियो। तर, नेपालमा भ्रमण वर्ष शुरु हुनासाथ विश्वमा कोरोना भाइरसको महामारी फैलियो। कोरोना कहरले नेपाल भ्रमण वर्ष २०२० मात्र बिथोलिएन, त्यसयताका ३ वर्षसम्म नेपालको पर्यटन व्यवसाय थला नै पऱ्यो। अहिले विस्तारै नेपालको पर्यटन क्षेत्र तंग्रिदै छ। तर, कम्तिमा २०१९ कै अवस्थामा पुग्न भने अझै केहि समय लाग्नेछ। कोरोना महामारीपछि सन् २०२२ मा सबैभन्दा धेरै पर्यटक नेपाल आएका छन्। सन् २०२२ मा ६ लाख १४ हजार १४८ जना पर्यटक नेपाल भित्रिएका थिए। नेपाल आउने पर्यटकमध्ये सन् २०२२ मा सबैभन्दा धेरै सार्क मुलुकबाट आएका छन्। सार्क मुलुकका पर्यटकको संख्या २ लाख ४६ हजार छ। यस्तै युरोपेली मुलुकहरूबाट १ लाख ३३ हजार जना र अमेरिकी मुलुकका ८६ हजार आएको नेपाल नेपाल पर्यटन सूचकांक २०२२ मा उल्लेख छ। नेपाल सरकारले चालु आर्थिक वर्षको बजेट बक्तव्यमा सन् २०२३ मा नेपाल भ्रमण गर्ने विदेशीको संख्या १० लाख पुऱ्याउने र सन् २०२३-२०३२ लाई नेपाल भ्रमण दशक मनाउने घोषणा गरेको छ। सन् १९९८ मा पहिलोपटक नेपाल भ्रमण वर्ष मनाउँदा ५ लाख पर्यटक भित्राउने लक्ष्य राखिएपनि ४ लाख ६४ हजार पर्यटक आएका थिए। सन् २०११ मा पर्यटन वर्ष मनाउँदा १० लाख पर्यटक भित्राउने लक्ष्य थियो। तर, ७ लाख ३६ हजार मात्रै आए। कोरोनाको कारण नेपाल भ्रमण वर्ष २०२० शुरुमै तुहिएकोले यसका लक्ष्यहरूको गोरेटोसम्म पनि कोरिएन। सन् २०२२ मा करिब ६ लाख विदेशी आएकोमा सन् २०२३ मा १० लाख पुग्ने पुऱ्याउन अलिक मेहनत नै गर्नुपर्ने हुन्छ। कोरोना कहर, विस्वब्यापी आर्थिक मन्दी जस्ता कारणले यो लक्ष्य पूरा भैहाल्ला भन्ने आधार देखिदैन। नेपाल सरकारको पर्यटन नीति २०६५ ले यसले आन्तरिक पर्यटनलाई पर्यटन व्यवसायको एक सहायक अङ्गको रूपमा विकास गर्ने लक्ष्य लिएको छ। नेपालभित्रै घुम्न चाहने नेपालीहरूको संख्या निकै बढिरहेको भएपनि नेपालको पर्यटन उद्योगले आन्तरिक पर्यटकलाई वेवास्ता गरेको कारणले अहिलेपनि नेपालमा वर्षेनी ठूलो संख्यामा नेपालीहरू भ्रमणको लागि विदेशमा पुग्ने गरेका छन्। पछिल्ला वर्षहरूमा वर्षेनी ७ लाख नेपालीहरू औपचारिक माध्यमबाट पर्यटक भिषामा घुम्नको लागि विदेश जाने गरेका बताइन्छ। बिदेशमा काम गर्न गएका नेपालीहरूले नेपालबाट आफन्तहरूलाई उतै बोलाएर घुमफिर गराउँदा पनि ठूलो धनराशी खर्चने गरेका छन्। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा २०७९ साउन देखि २०८० जेठसम्ममा विदेश भ्रमणमा जाने नेपालीले एक खर्ब १९ अर्ब ९९ करोड खर्च गरेका छन्। गत वर्षको तुलनामा यस्तो खर्च ३७ दशमलव नौ प्रतिशतले बढी हो। सोही अवधिमा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकबाट जम्मा ५८ अर्ब छ करोड आम्दानी भएको छ। जुन अघिल्लो आवको सोही अवधिको तुलनामा ९४ दशमलव तीन प्रतिशतले बढी हो। गत वर्षको सोही अवधिमा विदेशी पर्यटकबाट २९ अर्ब ८८ करोड आम्दानी भएको थियो। विदेशी पर्यटकहरूले नेपालमा गर्ने खर्च भन्दा नेपाली पर्यटकहरूले विदेशमा बढी खर्च गर्ने भएकोले आन्तरिक पर्यटकहरूलाई प्रोत्साहित गर्ने हो भने नेपालमा पर्यटकहरूको कमी हुनेछैन।

पछिल्ला वर्षहरूमा नेपालीहरूमा घुमफिर र मनोरंजन गर्ने बानीको विकास भैरहेको छ। खासगरी युवा पुस्तामा खर्च गरेर घुम्ने र नयाँ नयाँ जानकारी लिन खोज्ने प्रवृति बढिरहेको छ भने पाका पुस्ताहरू धार्मिक क्षेत्रमा घुमफिर र दर्शनको लागि टाढा पुगिरहेका छन्। पर्यटन क्षेत्रको लागि यो राम्रो संकेत हो। नेपालका चलेका पर्यटकीय गन्तव्यमा अहिलेपनि आन्तरिक पर्यटककै ठूलो भिड लाग्ने गरेको छ। सन् २०१९ मा लुम्बिनी भ्रमणमा गएका कूल १७ लाख ७९ हजार ०८६ पर्यटक मध्ये १४ लाख १ हजार १७८ जना नेपाली नागरिक थिए भने सन् २०२२ मा त्यहाँ पुगेका कूल ९ लाख ३ हजार ८८३ जना मध्ये ६ लाख ४९ हजार ७८ जना नेपाली नागरिक थिए। पोखरा, चितवन, मुस्ताङ, रारा जस्ता अन्तर्राष्ट्रिय रूपमा चर्चित पर्यटकीय स्थानमा पुग्नेहरूमा स्वदेशी पर्यटकहरूको संख्या तिन चौथाई भन्दा बढी हुने गरेको छ। धार्मिक गन्तव्यहरूमा पुग्नेहरूमा त स्वदेशी नागरिकहरूको संख्या ९०% भन्दा बढी हुने गरेको छ। शहरका महंगा र तारे होटेलहरू विदेशी पर्यटकहरूले गर्दा चलेपनि देशभरका मझौला र साना होटेल, ट्राभल एजेन्सी र पर्यटनका सहब्यवसायहरू आन्तरिक पर्यटकहरूकै कारण चलिरहेका छन्। लकडाउन सकिएपछि नेपालको पर्यटन व्यवसाय टिक्न सकेको आन्तरिक पर्यटककै कारण हो।

लुम्बिनी भ्रमण गर्ने पर्यटक (सन् २०१८- २०२२)		
वर्ष (सन्)	कूल पर्यटक	स्वदेशी पर्यटक
२०१८	१५१७१३४	११५५५४४
२०१९	१७७९०८६	१४०११७८
२०२०	२९७९२७	१९७२५२
२०२१	५०८८९२	४६३९६३
२०२२	९०३८८३	६४९०७८

श्रोत : पर्यटन मन्त्रालयका वार्षिक प्रतिवेदनहरू

नेपालका हरेक गाउँहरू मौलिकताले भरिपूर्ण छन्। ग्रामिण क्षेत्रमा फरक फरक पर्यटकीय स्वाद पाउन सकिन्छ। अहिलेसम्म पर्यटन शहर केन्द्रित र शहर निर्देशित छ। नेपाल सरकारको पर्यटन नीतिले ग्रामिण पर्यटन प्रवर्द्धन गर्ने, ग्रामिण क्षेत्रमा पर्यटकीय लाभ पुऱ्याउने र स्थानीय उत्पादनको बजारीकरण गर्ने रणनीति अघि सारेको छ। अचेल धेरै नेपालीहरू शहर केन्द्रित भएकोले नेपाली बालबालिका र युवाहरूको लागि ग्रामिण परिवेश रमाइलो र नौलो हुने गरेको छ। नेपालीहरू ग्रामिण क्षेत्रमा घुम्न जाने प्रवृति बढेपनि यसलाई व्यवस्थित गर्न सकिएको छैन। पर्यटकीय स्थलहरूमा नेपाली पर्यटकहरूलाई मान्छे नै नगन्ने, उनीहरूलाई तोकिएको रकम तिर्दा पनि पर्यटकीय सेवा सुविधा प्रयोग गर्न नदिने गरेको गुनासो बारम्बार सुनिने गरिएको छ। आन्तरिक पर्यटकलाई वेवास्ता भएकै कारणले अहिलेपनि नेपालमा वर्षेनी ठूलो संख्यामा विद्यार्थीहरू, सहकारी संस्थाका पदाधिकारीहरू, सामाजिक संस्थाका कर्मचारीहरू, जनप्रतिनिधिहरू भ्रमणको लागि भारत, चीन, थाइल्याण्ड, श्रीलंका, दुबईजस्ता विभिन्न ठाउँमा पुग्ने गरेका छन्। घुम्न खोज्ने नेपालीहरूलाई पर्यटकको सुविधा उपलब्ध गराउने, विद्यालयको पाठ्यक्रममा स्थानीय क्षेत्रका पर्यटकीय स्थानको जानकारी दिने, बाल शिक्षणमा घुमाइबाट सिकाइलाई प्राथमिकता दिने, रमणीय गाउँहरूमा होमस्टे संचालन गर्ने, सहज आवागमनको व्यवस्था गर्ने, धार्मिक स्थल तथा ग्रामिण वस्तीहरूमा पर्यटकीय शिक्षा प्रदान गर्ने जस्ता काम गर्न सकियो भने मात्र नेपालका सबै स्थानमा पर्यटकहरू घुम्न जाने वातावरण निर्माण हुन्छ।

आन्तरिक पर्यटकहरूको घुमफिरको क्रम बढ्न सक्यो भने उनीहरूमार्फत नै देश विदेशमा नेपालको पर्यटकीय स्थल र अवसरको बारेमा प्रचार प्रसार हुन्छ। जसले गर्दा नेपालमा दिगो पर्यटन विस्तार हुन सक्छ। सिमित राष्ट्रहरूका पर्यटकमा मात्र नेपालको पर्यटन बजारमा अडिएकोले नेपालको पर्यटन उद्योगले सधै धोका खाने गरेको छ। एकैखाले पर्यटकमा भर पर्दा नेपालको पर्यटन लक्ष्यहरू पूरा हुन सकेको छैन्। नेपाल आउने पर्यटकहरू चीन र भारत हुँदै नेपाल आउने भएकोले नेपालको अवस्था सामान्य रहेपनि चीन र भारतको सामाजिक, राजनैतिक र वातावरणीय अवस्थामा कुनै समस्या देखिनासाथ नेपालमा पर्यटकीय गतिविधिहरूमा तत्कालै प्रभाव पर्दछ। सिमित देशहरूबाट मात्र पर्यटकहरू नेपालमा आउँदा ती देशहरूमा नेपालको बारेमा कुनै नकारात्मक सूचना प्रवाह हुने बित्तिकै नेपालमा पर्यटकको संख्या ह्वात्तै घट्ने गरेको छ। नेपाल भ्रमणमा आउने परम्परागत पर्यटकहरूको विकल्प राम्रोसंग खोजी गर्न नसकेको कारणले गर्दा छिमेकी देशहरूमा पर्यटकहरूको संख्या बढिरहँदा नेपालमा भने पर्यटन सम्बन्धि सामान्य लक्ष्यहरू पूरा हुन पनि कठिन भैरहेको छ। पर्यटकहरू बढ्दा पनि उनीहरूको बसाईको अवधि र खर्च गर्ने रकम बढ्न सकेको छैन बरु नेपाली नागरिकले पर्यटनको लागि खर्चने रकम बढ्दो छ। विदेशी पर्यटकहरू ल्याएर नेपालमा पर्यटनबाट मनग्ये आम्दानी गर्ने सपना यहि अवस्थामा पूरा गर्न निकै कठिन हुने सबैले महसुस गरिरहेका छन्। यस्तो अवस्थामा नेपाली पर्यटन जगतलाई चलायमान बनाउन पर्यटन व्यवसायलाई दिगो बनाउनको लागि आन्तरिक पर्यटनलाई जोड दिन ढिला भैसकेको छ।

महेशपुर...

अहिले साघुरौं र जिर्ण रहेको मुल भन्सार नाका संग जोड्ने उक्त सडक स्तरउन्नती सम्पन्न भएमा महेसपुर भन्सारको राजश्व संकलनमा समेत वृद्धि हुने प्रदेश सभा सदस्य वैजनाथ कलवारले बताए। महेसपुर भन्सारमा सडक लगाएतका पुर्वाधारको अभावमा राजश्व संकलनमा अपेक्षित सुधार हुन नसकिरहेको अवस्थामा सडक स्तरउन्नती हुन सके यस क्षेत्रको विकासमा ठुलो टेवा पुग्ने प्रदेश सांसद कलवारको भनाई छ। मुल भन्सार अगाडीकै सडक साघुरो र जिर्ण हुदा ठुला मालवाहक सवारी साधनहरू महेसपुर नाका हुदै आउजाउ गर्न असहज हुने गरेको छ।

यातायात...

सेवा लिन बुटवल र भैरहवा सेवा लिन जानु पर्ने नागरिकको बाध्यता अहिले टरेको छ,उनले थपे,पहिला सवारी साधान नविकरणबाट सेवा शुरु भयो,तत्पश्चात सवारी चालक अनुमति पत्रको नविकरण शुरु भएको छ, यो बर्ष देखी मोटरसाईलक,स्कुटीको सवारी चालक अनुमति पत्र प्रदान गर्ने सेवा पनि यहिँबाट सुचारु भएको छ।

चार पाँग्रे सवारीसाधन जस्मा हल्का सवारीसाधन र कृषकले चलाउने टेक्टर लगायतको सेवा यहिँबाट दिइने गरि पहल पनि भई रहेको भनाई कार्यालय प्रमुख पाण्डेयको थियो। चालु आर्थिक बर्षके साउन महिनामा पनि सवारीसाधनको स्थाई बाटो इजाजतपत्र (रुट) नवीरकण ५७ वटा, सार्वजनिक सवारी साधनको प्राविधिक जाँचपास १ सय ४१,अस्थाई बाटो इजाजतपत्र (पटके) सेवा ३ सय ७८ गरि कुल ५ सय ७६ वटा सवारीसाधन सम्बन्धि सेवा प्रदान गरिएको छ।

साउन महिना भित्र सवारी साधन कर ९० लाख १५ हजार २ सय ८०, सवारी नविकरण ६ लाख २४ हजार ३ सय, सवारी चालक अनुमतिपत्र १० लाख ३० हजार,यातायात क्षेत्रको आम्दनी २ लाख ३३ हजार ९ सय ५० र आयकर २ लाख ३० हजार ६ सय गरि कुल १ करोड ११ लाख ३४ हजार १ सय ३० रुपिया राजश्व संकलन भएको कार्यालयले जनाएको छ। यस जिल्ला भित्र नै बजाज र होण्डा मोटरसाईलकको एसेम्बल हुने कारखाना रहेको छ। ति कारखानाबाट उत्पादन हुने मोटरसाईलकको नम्बर जारी गर्ने गरि ब्यवस्था यसै कार्यालयबाट गर्न सकियो भने राजश्व धेरै संकलन हुन सक्ने सम्भावना देखाउदै यहाँका जनप्रतिनिधि तथा सरोकारवालाले पहल गर्नु पर्ने समेत कार्यालय प्रमुख पाण्डेयले बताएका थिए।

नेपाली...

यद्यपी २०१७ मा भने नेपालले भारतको यू-१९ टिमलाई हराएर रेकर्ड बनाएको थियो। मलेसियामा भएको यू-१९ एसिया कप क्रिकेटमा नेपालले भारतमाथि १९ रनको जित निकालेर इतिहास बनाएको थियो। नेपालले कुनै पनि स्तरमा भारतलाई हराएको पहिलो जित थियो, त्यो।

त्यतिबेला नेपालको कप्तानी दीपेन्द्रसिंह ऐरीले गरेका थिए। उनले खेलमा ८८ रन बनाउँदा ४ विकेट लिएका थिए। हाल नेपालको मुख्य प्रशिक्षक रहेका मोन्टी देसाई त्यतिबेला नेपाली टिमको कन्सल्ट्यान्ट प्रशिक्षक थिए। भारतीय टिमको प्रशिक्षक राहुद द्रविड थिए। नेपालले भारतलाई हराउन देसाईको भूमीका रहेको भन्दै त्यतिबेला प्रशंसा समेत भएको थियो। यद्यपी त्यतिबेला भारतले दोस्रो रोजाइका खेलाडीलाई एसिया कप खेलाएको भन्दै आलोचना समेत भएको थियो। भारतका कुनै पनि टिमलाई हराएको ६ वर्षपछि नेपाली सिनियर टिमले भारतीय सिनियर टिमसँग प्रतिस्पर्धा गर्दैछ। एसिया कप २०२३ अन्तर्गत नेपालले भारतसँग सोमबार पहिलोपटक खेलेर इतिहास बनाउँदैछ। ६ वर्षअघि उमेर समूहको एकअर्काविरुद्ध भिडेका देसाई र द्रविड यतिबेला दुवै देशको सिनियर टिमको प्रशिक्षक छन्। अहिले दुवै सिनियर टिमको प्रशिक्षकको रूपमा एकआपसमा भिड्दैछन्। नेपाल र भारतबीचको खेल श्रीलंकाको पल्लेकेले मैदानमा नेपाली समयअनुसार सवा तीन बजे सुरु हुनेछ।

नेपाल र भारत दुवै टिमले समूहका पहिलो खेल खेलिसकेका छन्। पाकिस्तानविरूद्धको पहिलो खेलमा नेपाल फराकिलो अन्तरले पराजित भएको थियो। भारत र पाकिस्तानबीच शनिबार भएको खेल वर्षाले रद्द हुँद दुवै टिमले एक एक अंक जोडेका थिए।

समूहबाट पाकिस्तानले ३ अंक जोडेर सुपर-फोरमा स्थान पक्का गरिसकेको छ। अब नेपाल र भारतबीचको खेलपछि सुपर फोरमा पुग्ने दोस्रो टिमको टुंगो लाग्नेछ। जित हात पार्ने टिम सुपर फोरमा पुग्नेछ। केही गरी सोमबारको खेल वर्षाले रद्द भए भारत सुपर फोरमा पुग्नेछ। सोमबार मौसमको पूर्वानुमानअनुसार अनुसार मैदानमा खेल सुरु हुने समयमा वर्षा हुने सम्भावना न्यून छ। तर साँझ पछि भने पानी पर्ने सम्भावना देखिएको छ। पाकिस्तानविरूद्धको खेलमा नेपालले सुरुवातमा राम्रो बलिङ देखाएको थियो। तर अन्तिम ओभरतिर पाकिस्तानी ब्याटसम्यान नेपाली बलरमाथि हाबी भएका थिए। ब्याटिङमा पनि नेपाली ब्याटरले पाकिस्तानी बलरसामू खुलेर खेल्न सकेनन्। भारतविरुद्ध पनि नेपालले सुरुवातदेखि नै अनुसाशित बलिङ गर्न पर्ने देखिन्छ। यस्तै ब्याटिङमा नेपालले भारतीय बलरविरुद्ध अपनाउनु पर्ने रणनीतिमा ध्यान दिनु पर्नेछ। विशेषगरी नेपाली ब्याटरका लागि तीव्र गतिका बलरको सामना गर्नु चुनौतीपूर्ण हुनेछ। (साभार)

देउखुरीका...

उनिहरू मात्र होइन अधिकांश महिलाहरू इस वर्षका चाड पर्वसंगै हुने खर्च कटौतिमा देखिएका छन।

विगतका वर्षहरूमा जस्तै नत लघुवित्तले लगानी गर्छ नत सहकारीहरू त्यस कारण पनि खर्चमा कटौती गरेका छौ भन्छीन लमहीकी कमला चौधरी।

यता चाड पर्वसंगै कारोवार मौलाउने आशामा रहेका व्यापारीहरू आर्थिक मन्दीसंगै चाड पर्व नजिकदै गर्दा देखिएको संकेतवाट थप निरासा वनेका छन। थारुजातीको महान चाड अप्वटारी आउन केही दिन वाँकी रहदा देउखुरीका ठूला तथा साना वजारमा चहल पहल निक्कै कम देखिएको छ। नेपाली हिन्दुधर्मालम्बी महिलाको महान चाँड हरितालिका तिज पनि नजिकिदै छ।

विगतका वर्षहरूमा चाड पर्व आउन साथ आवश्यक सामाग्री लत्ता कपडा खरिदका लागि नेपाल भारत सिमाका भारतिय वजारमा जाने उपभोक्तावाट निरासा व्यापारीहरू यस वर्ष भन्सारमा भएको कडाईसंगै व्यापार हुने आशामा ढुक्क भएको लमहीका व्यापारी जमिर मिया बताउछन।

उनले भने सिमाका बजारमा जाने उपभोक्ताहरू जान पाएका त छैनन। नेपाल सरकारले भन्सारमा कडाइ गरेको छ। तर पनि स्थानिय बजार पनि सुनसान छन। मानिससंग पैशा छैन उनले भने। उनले भने अवश्था केही समय सम्म रहयो भने व्यापारीहरू पलायन हुने अवश्थामा पुग्छौ। यही एकातिर गाँउ गाँउ टोल टोलमा पसल खुलेका छन। अर्कोतिर आर्थिक मन्दी जसका कारण वजारहरू सुस्ताएको उनले वताए।

समस्या अनेक? उपचार केन्द्र एक!
नेपाल सरकारद्वारा मान्यता प्राप्त बुटवलको एकमात्र आयुर्वेद क्लिनिक

यौन: सबै किसिमका शारीरिक, मानसिक, यौन दुर्बलता, धातु रोग, गुप्तरोग, स्पनदोष र पुरुष-स्त्री दुबैका कारणबाट हुने निःसन्तानपन, यौनाङ्गको विकास, महिनाबारीमा गडबडी, सेतोपानी आउने, गन्नाउने आदि (पूर्ण गोप्यताका साथ)

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, चाया, अनावश्यक कोठी वा फोकाहरु अनुहारका चाउरीपन, दुबी, सेतोदुबी, मोटोपन, दुब्लोपन, शारीरिक बनौट तथा उचाई (निश्चित उमेरमा)

पाइल्स, फिस्टुला र फिसरको क्षारसुत्र विधिद्वारा विना अपरेसन सफल उपचार

कुलत: जाँड, रक्सी, लागू पदार्थको सेवन तथा इन्जेक्सन जस्ता कुलतहरुको परामर्श तथा पूर्ण उपचार।

मानसिक: निराशा, उदासिनता, मानसिक डर, भय, दिमागको बोधोपन, निद्रा नलाग्नु आदि।

बिना अपरेशन: पत्थरी, हाइड्रोसिल, हर्निया, अल्काई आदि।

दीर्घरोग: डायबिटिज (सुगर) बाथ, दम, पिनास, जण्डीस, ब्लडप्रेसर, एलर्जी, कपालको चायाँ तथा ग्यास्ट्रिक र अल्सरको सजिलो उपचारको लागि काठमाडौंबाट आउनु भएका विशेषज्ञ डा.हरुलाई भेटी स्वास्थ्य लाभ लिनुहोस्।

सम्पर्क: **माता मनकामना आरोग्य केन्द्र**
बुटवल-१०, (ॐ मिष्ठानन भण्डारको दोश्रो तल्ला, राजमार्ग चौराहा चोकदेखि १०० मिटर उत्तरतर्फ), **फोन: ०७१-५४८८९३, ९८४७३५२१२७**
जानकारीका लागि टोल फ्रि नम्बर: १६६००१२५४६० यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम रुपन्देही,लुम्बिनी प्रदेश नेपाल
सूचना नं. ०१/२०८०-०८१

प्रथम पटक प्रकाशित मिति २०८०।०५।१८

यस नगरपालिकाबाट चालु आ. ब. ०८०। ०८१ का लागि स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको खरिद कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्म/सप्लायर्स बाट निम्न शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सुचना प्रकाशित गरीएको छ।

शर्तहरू:

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) एन.आई.सी. एसिया बैक मणिग्राम शाखा स्थित 1052055499599012 मा जम्मा गरि फर्म/सप्लायर्सले नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले ३० (तीसौ) दिन कार्यालय समय सम्म जिन्सी शाखाबाट फारम खरिद गर्न सकिनेछ।
२. खरिद गरेको बोलपत्र फाराम नियम अनुसार कामको विवरण, ठे. नं., बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बोलपत्रको ३१ (एकतीसौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा मा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्र सोही दिनको २:०० बजे बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला र खोल्ने कार्य हुने छ।
३. बोलपत्र पेश गर्दा तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैक मणिग्राम शाखा स्थित धरौटी खाता नं A5CA549959952403 मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने. रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० (एकसय बीस) दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ।
४. बोलपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत र छाप भएको हुनु पर्ने छ।
५. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन।
६. बोलपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।
७. बोलपत्र दर्ता गर्नु अगावै सम्बन्धित आबश्यक जानकारी लिन सकिने छ।
८. बोलपत्र को डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन।
९. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।
१०. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

तपसिल

सि. नं	ठेक्का नं.	कार्यको विवरण र स्थान	ल.ई.रकम (मु.अ.कर समेत) रु.	बोलपत्र जमानत रकम रु	बोलपत्र दस्तुर रु.
१	१/२०८०-०८१ खरिद	स्टेशनरी सामाग्री खरिद तथा वडागत ढुवानी कार्य	३०,४१,४००/-	८०,०००/-	३,०००/-

प्रमुख प्रशासकीय अधिकृत

हार्दिक समवेदना

इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो !
आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो !!

जन्म: वि. सं.: २०१० भाद्र ०१
स्वर्गारोहण: वि. सं.: २०८० भाद्र १४

स्व. खुमकुमारी आले

यस संस्थाका शुभेच्छुक बर्दघाट–१३ धनेवा निवासी कुमार आले की ममतामयी माता **खुमकुमारी आले** को ७० वर्षको उमेरमा २०८० भाद्र १४ गते भएको निधनले हामी स्तब्ध भएका छौं। शोकको यस घडीमा दिवङ्गत आत्माको बैकुण्ठवासको कामना गर्दै श्री पशुपतिनाथले शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि **हार्दिक समबेदना** प्रकट गर्दछौं।

नवराज कुँवर
प्रबन्ध सम्पादक/प्रबन्ध संचालक

हरि प्रसाद पौडेल
अध्यक्ष

बुटवल टुडे एवं बुटवल पब्लिकेशन प्रा. लि. परिवार
बुटवल-६, तिलोत्तमा पथ

महिला र सीमान्तकृत सांसदलाई प्रभावकारी बनाउन परामर्श

नेपालगन्ज (बुटवलटुडे), १७ भदौ- सरोकारवालाहरूले प्रदेश सांसदहरूलाई सरकारका कार्यक्रम नागरिकमाझ लैजान र नागरिकका सुझाब सरकारसम्म लैजान थप क्षमता विकास गर्न सुझाब दिएका छन्।

लुम्बिनी प्रदेश सभाका महिला तथा सिमान्तकृत समूदायका सदस्यहरूका लागि आयोजित परामर्श कार्यक्रममा सहभागीहरूले प्रदेश सभा सदस्य प्रदेश सभामा मात्र होइन अरू बेला पनि खट्नुपर्ने सुझाब दिए।

युएनडिपीको संसद सहयोग परियोजनाको सहकार्यमा संचारिका समूह लुम्बिनी र लुम्बिनी प्रदेश सभाको आयोजनामा शुक्रबार नेपागन्जमा आयोजना गरिएको परामर्श कार्यक्रममा महिला, समावेशी, सिमान्तकृत र समुदायकालागि प्रभावकारी काम गर्न अझ मेहनत गर्न सुझाब दिएका छन्।

समानुपातिक र समावेशी कोटाबाट आएका प्रदेश सदस्यहरूले प्रदेशका १२ वटै जिल्ला र ५२ वटा निर्वाचन क्षेत्रमा काम गर्न सक्ने भएकाले थप मेहनत जरुरी रहेको उनीहरूले बताए। समानुपातिक र समावेशी कोटाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने सदस्यहरूको थप क्षमता विकास गरी लक्षित समूदाय केन्द्रीत काम प्रभावकारी रूपमा गर्न प्रदेशसभा सदस्यहरूलाई परामर्श गरिएको हो।

प्रदेश सभा सदस्यहरूलाई परामर्श गर्दै पूर्व आन्तरीक मामिला तथा कानुन समिति सभापति दामा शर्माले प्रत्यक्ष भन्दा समानुपातिक र समावेशी सदस्यको धेरै क्षेत्र र काम गर्ने धेरै विषय भएकाले त्यसमा टेकेर काम गर्न आग्रह गरिन्। उनले प्रदेश सभा सदस्यको प्रमुख काम आवश्यक ऐनकानुन निर्माण भएको आवश्यक ऐन कानुन बनाउनु रहेको बताउदै आवश्यक कानुन बनाउन र भएकालाई समय सान्दर्भीक रूपमा सच्चाउन सुझाव दिइन्। उनले संसदीय समिति मार्फत अनुगमन गर्न , सत्यतथ्य जाचबुझ गरी प्रतिवेदन तयार गरी नागरिक र सरकारलाई सघाउन आग्रह गरिन्।

प्रदेश सभाका सचिव दुर्लव कुमार पुन मगरले प्रदेश सभामा सम्मानजनक उपस्थिति भएपनि महिला, समावेशी, सिमान्तकृत समुदायकालागि प्रभावकारी काम गर्न अझ मेहनत गर्न आग्रह गरे। उनले समावेशी र महिला नेतृत्वबाट प्रदेश सभाले राखेका अपेक्षाबारे बताए।

संचारिका समूह लुम्बिनीका अध्यक्ष अमृता अनमोलले प्रदेश सभाका महिला तथा सिमान्तकृत समूदाय कसरी भौतिक विकास भन्दा सामाजिक विकासमा लाग्न आग्रह गरिन्। उनले समानुपातिक र समावेशीताको क्षेत्रमा गर्नैपर्ने प्राथमिक कामबारे बताइन्। जसमा कुपोषण, मातृमृतयुदर, हिंसा लगायतका तथ्यांक प्रस्तुत गर्दै क्षमता विकासको पहल गर्दै काम गर्न आग्रह गरिन्।

प्रदेश सभा सदस्य कुश्मा कुमारी थारुले भने प्रदेश सदस्यहरूले उठाएका लैंगिक समानता र समावेशीताको सवाललाई बेवास्ता गर्दा नागरिकमाझ जान र काम गर्नसक्ने वातावरण नभएको बताइन्। उनले महिला तथा सीमान्तकृत सदस्यहरूको बोल्ने, विषय चिन्ने र अनुगमन गर्नेबारे थप शिक्षा आवश्यक रहेको बताइन्।

अघिल्लो र यसपटक प्रदेश सभा सदस्य रहेका भुवनेश्वर चौधरीले प्रदेश सभा सदस्यहरूले पनि क्षमता बढाउनुपर्ने बताए।

प्रदेश सभा सदस्य अम्बिका काफ्लेले सरकारबाटै नीति कार्यक्रम र बजेटमा विभेद भएको बताउदै सुधार्न आग्रह गरिन्। प्रदेश सभा सदस्य निर्मला नेपाली वादीले निर्वाचनपछि प्रत्यक्ष र समानुपातिक सदस्यहरूको समान हैसियत हुने भएकाले आफ्नो अधिकारका सबालमा समानुपाति र समावेशी सांसद एक हुनुपर्ने बताइन्। परामर्श कार्यक्रममा प्रदेश सभा सदस्यहरूले कसरी प्रदेश सभा र नागरिकमा प्रभावकारी भूमिका खेल्न सकिन्छ भनेर तयारी गरेका थिए। उनीहरूले आफूहरू भिन्न भिन्न परिवेशबाट आएकाले सिमान्तकृत र महिला समूदायलाई थप परामर्श आवश्यक रहेको उनीहरूले बताएका थिए।

प्रादेशिक अस्पतालमा कर्मचारी युनियनका पदाधिकारीलाई स्वागत

बुटवल (बुटवलटुडे), ३ भदौ। लुम्बिनी प्रादेशिक अस्पताल बिकास समिति कर्मचारी युनियनका नयाँ निर्वाचित पदाधिकारीलाई अस्पताल बिकास समितीले स्वागत गरेको छ। एक कार्यक्रमका बिच अस्पताल बिकास समितिका अध्यक्ष अजयमा श्रेष्ठले नयाँ निर्वाचित पदाधिकारीलाई स्वागत गर्नु भएको हो। स्वागत कार्यक्रममा बोल्दै लुम्बिनी प्रादेशिक अस्पताल बिकास समिति कर्मचारी युनियनका अध्यक्ष तिलक गौतमले अस्पताका सबै काममा कर्मचारी युनियनको साथ सहयोग रहेको र निरन्तरता रहने बताए। अस्पताल बिकास समितिका अध्यक्ष अजयमा श्रेष्ठले बिकास समिती कर्मचारी समस्या समाधान गर्न आफु निरन्तर लागेको बताए। बिकास समिति कर्मचारी युनियनका सचिव दिपेन्द्र पौडेलले विकास समिति र कर्मचारीको विचमा आपसी सद्भाव र एकता हुनुपर्ने बताएका थिए। सह-सचिव ईन्द्र राईले बिकास समितिका कर्मचारी लामो समय देखी संचयकोष उनीहरूको दरबन्दी बृद्धि बिकास ध्यान दिन समितिलाई आग्रह गरेका थिए। कार्यक्रममा युनियनका उपाध्यक्ष कमल लामिछाने, भगबती पान्डे लगायले बोल्दै अस्पतालको विकासमा सबैले हातेमालो गर्नुपर्नेमा जोड दिएका थिए।

आयोजकलाई पराजित गर्दै एमएफसी अन्तिम आठमा

बुटवल (बुटवलटुडे), १७ भदौ। - बुटवलमा जारी प्रथम मदन भण्डारी स्पोर्टस एकेडेमी कप खुल्ला सेभेन ए साईड फुटबल प्रतियोगिता मा एमएफसी विजयी हुदै अन्तिम आठमा प्रवेश गरेको छ। मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा रामनगरस्थित खेलमैदानमा आईतबार भएको खेलमा आयोजक मदन भण्डारीलाई ट्राईबेकरमा पराजित गर्दै एमएफसी अन्तिम आठमा प्रवेश गरेको हो।

निर्धारित समयमा गोलरहित बराबरी भएपछि खेल ट्राइबेकरमा धकेलिएको थियो। एमएफसीका गोलकिपर हिमाल कार्कीले आयोजक टिमका दुई खेलाडीको प्रहार बिफल बनाइदिएका थिए। कार्की म्यान अफ दी म्याचबाट समेत पुरस्कृत भए। एमफसीका टिम म्यानेजर अमित आचार्य क्षेत्रीले टिमका प्रत्येक खेलाडीको मेहनतबाट र उत्कृष्ट प्रदर्शनबाट विजयी भएको बताए।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार रूपैया, कप, मेडल, प्रमाणपत्र तथा उपविजेता टिमले नगद २६ हजार रूपैयाँ, कप, मेडल, प्रमाणपत्र प्राप्त गर्नेछन। यसैगरि विधागत रूपमा समेत उत्कृष्ट खेलाडीहरूलाई पुरस्कृत गरिने आयोजकले बताए। प्रतियोगितामा ३२ टिमले उपाधिका लागि प्रतिस्प्रर्धा गरेका छन।

विद्यालयभित्र दृष्टिविहीन बालिका बलात्कृत, एक जना पक्राउ

लमही (बुटवलटुडे) १७ भदौ - दाङ देउखुरीको आदर्श नमुना माद्यमिक विद्यालयभित्र एक दृष्टिविहीन बालिका बलात्कृत भएकी छिन्। राप्ती गाउँपालिका-२ मा रहेको आदर्श विद्यालयमा अध्ययन गर्ने दृष्टिविहीन एक १३ वर्षीया बालिका बालात्कृत भएकी हुन्। बलात्कार गरेको आरोपमा प्रहरीले आर्दश विद्यालयका कार्यालय सहयोगी तथा बसका सह चालक रामबहादुर खनाल पक्राउ परेका छन्।

उनलाई आइतबार बिहान करिब ८ बजे विद्यालयबाट पक्राउ गरिएको इलाका प्रहरी कार्यालय भालुवाङका प्रमुख प्रहरी निरीक्षक उज्ज्वल बहादुर सिंहले जानकारी दिए। खनालले भदौ ४ गते बालिकामाथि बलात्कार गरेको प्रहरीमा जाहेरी परेको छा बालिका सोही विद्यालयको दृष्टिबिहीन पढ्ने विद्यालयमा पढ्दै आएइकी थिइन । विगत पाँच वर्षदेखि सोही विद्यालयको होस्टेलमा बस्दै आएकी बालिकालाई भान्सा कोठामा लगेर खनालले बलात्कार गरेको प्रहरी स्रोतले जनाएको छ।

राईडरहरूका लागि अभिमुखिकरण

बुटवल (बुटवलटुडे) १७ भदौ- राईडरहरूका लागि अभिमुखीकरण कार्यक्रम गरिएको छ।

नेपाल सेफ राईडर प्रा.लि बुट्वलद्धारा आयोजित अभिमुखिकरण कार्यक्रममा रूपन्देही जिल्लालाई सेवा क्षेत्र बनाई यात्रुहरूका लागि यातायात सेवा संचालनमा ल्याउन लागिएको कम्पनिका संचालक सन्तोष पुरीले बताएका थिए।

कागजपत्र हराएको सूचना

मेरो निम्न व्यहोरा भएको सर्टिफिकेटहरु र लाईसेन्सहरु (कक्षा १० को सिम्बोल नं. 0883624N रजिष्ट्रेशन नं. 7348167002, CTEVT रजिष्ट्रेशन नं. LT-00651-017, सिम्बोल नं. 05004392, CTEVT PCL लाईसेन्स नं. 22090334335, सवारी चालक अनुमति पत्र 01-08-01014125) मिति २०८०/०३/२७ मणिग्राम देखि गोलपार्क तर्फ जानेक्रममा मिति हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु

नाम: अन्जना चापागाई

ठेगाना: सुद्धोधन-३, रुपन्देही

मोवाईल नं.: ९८४४७०८९८५

श्री पशुपति माध्यमिक विद्यालय

सैनामैना-१०,सालझण्डी , रूपन्देही

प्रशिक्षक आवश्यकताको लागी पुनः विज्ञापन सम्वन्धी सूचना।

मिति: :२०८०।०५।१५

सैनामैना नगरपालिकाको मिति २०८०।०४।३० को च.न.३२९/०८०-०८१ को पत्रानुसार यस श्री पशुपति माध्यमिक विद्यालयमा प्राविधिक धार तर्फ ईलेक्ट्रिकल इन्जिनियरिङ्ग कक्षा ११ र १२ प्रशिक्षक (मा. वि. द्वितीय) मा अध्यापन गर्नको लागी नेपाल सरकारबाट प्राप्त दरबन्दी अनुदान कोटामा मिति: २०८०।०४।३० मा प्रशिक्षक विज्ञापन गरिएकोमा निर्धारित समयावधि भित्र कुनै पनि दरखास्त नपरेकोले पुनः आजका मितिले एक हप्ता (२०८०।०५।२२) गते सम्म तपसीलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुबाट रीतपूर्वकको दरखास्त **आह्वान गरिन्छ।**

तपसिल:

१) **पद:** प्रशिक्षक (इन्जिनियर)

■ **पद संख्या:** १ (एक)

■ **तह र श्रेणी:** मा. वि. कक्षा ११, १२ (मा. वि. द्वितीय)

२) **न्युनतम शैक्षिक:**

M.E.-(Electrical Engineering वा B.E. -(Electrical Engineering/Electrical & Electronics Engineering)

द्वितीय श्रेणीमा उत्तिर्ण भई कम्तिमा एक वर्षको अनुभव प्राप्त।

३) **परीक्षा दस्तुर:** रु. २५००।-

४) **उमेर:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

५) **तलब स्केल:** नेपाल सरकारको नियमानुसार।

६) **दरखास्त बुझाउने अन्तिम मिति:** २०८०।०५।२२ गते।

७) **सर्म्पक मिति:** २०८०।०५।२२ गते दिउसो ४ बजे भित्र।

८) **परीक्षा मिति:** सर्म्पक मितिमा तोकिनेछ।

९) **परीक्षाको किसिम:** लिखित, अन्तरवार्ता र कक्षा अवलोकन।

१०) **संलग्न गर्नुपर्ने कागजातहरु:** नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपीहरु, नेपाल ईन्जिनियरिङ्ग परीषद् दर्ताको प्रमाण पत्र ।

अन्य जानकारीका लागी निम्न फोन नं. ९८५७०३२१५५ वा विद्यालयमा सर्म्पक गर्न सकिने छ।

प्रधानाध्यापक

पदपूर्ति सम्बन्धी सूचना

[VAC No. 97–080/081]

आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवल अन्तरगत निम्न पदमा खुल्ला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले मिति २०८०।०५।२४ गते भित्र योग्यताको प्रमाणपत्रहरू सहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रितपूर्वक प्राप्त आवेदनहरूको लिखित, अन्तरवार्ता लगायतको छनौट परिक्षा मिति २०८०।०५।२५ गते दिनको ११:०० बजे प्रारम्भ हुनेछ।

पद	न्यूनतम योग्यता	आवश्यक संख्या
मेडिकल अधिकृत	-MBBS उत्तिर्ण भई नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त।	केही
स्टाफ नर्स	सम्बधित बिषयमा उत्तिर्ण भई नेपाल नर्सिङ्ग काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त।	केही

आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल

बुटवल-७

फोन नं. ०७१ - ५०२०९७

मिति: २०८०।०५।१८

श्री कर्महवा माध्यमिक विद्यालय

लुम्बिनी साँस्कृतिक न. पा.-७, रूपन्देही

रद्द गरिएको सम्बन्धमा

मिति २०८०।०५।१६ गते बुटवल टुडे राष्ट्रिय दैनिक वर्ष ११ अंक ३१४ पृष्ठ ३ मा प्रकाशित श्री कर्महवा माध्यमिक विद्यालयको महिला शिक्षक आवश्यकता सम्बन्धी प्रकाशित सूचना विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार पछिको मितिमा गर्नुपर्ने भएकोले उक्त सूचना रद्द गरिएको सम्पूर्णमा सरोकारवालामा क्षमा याचना सहित जानकारी गराउँदछौ।

राहदानी हराएको सूचना

मेरो निम्न व्यहोरा भएको राहदानी मिति २०८०-४-१० गते मोतिपुर देखि बुटवल आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनुहुन अनुरोध गर्दछु।

नाम: मदन पुन

ठेगाना: बुटवल–१७,रुपन्देही

राहदानी नं.: ०७६९०९२२

मोवाईल नं.: ९८१५४१९०१६

सडक डिभिजन, पाल्पा

सिलबन्दी बोलपत्रको आशयपत्र जारी गरिएको सूचना

प्रकाशन मिति: २०८०-०५-१८

यस कार्यालयबाट प्रकाशित सूचना नं. ०१-०८०/८१ अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्येबाट निम्न विवरण अनुसारका बोलपत्रहरू न्यूनतम मूल्यांकित एंव सारभुतरूपमा प्रभावग्राही बोलपत्र भएको हुँदा स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं	ठेक्का नं.	आशयपत्र जारी गरिएको बोलपत्रदाताको नाम	कवोल अंक, रु. (मु.अ.क.समेत)
१	DROPLP/337310113/080/81-008	Resunga Infrastructure Pvt.Ltd, Gulmi	2,025,972.00
२	DROPLP/33701169/080/81-011	Kalika Nirwan Sewa, Gulmi	6,620,352.56
३	DROPLP/33701169/080/81-012	Goal of success construction pvt. Ltd, Pyuthan	7,476,562.60
४	DROPLP/337310113/080/81-013	Goal of success construction pvt. Ltd, Pyuthan	7,391,780.39
५	DROPLP/33701169/080/81-014	Mobile Nirman Sewa, Palpa	5,857,985.54
६	DROPLP/33701169/080/81-015	B Build Nirman Sewa, Taplejung	3,862,792.33
७	DROPLP/33701169/080/81-016	G.C Brothers Construction Pvt. Ltd, Kathmandu	7,193,139.95

सडक डिभिजन

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८०/०५/१८

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को घ. बाट प्राप्त अधिकार, भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र प्रदेश सरकार, लुम्बिनी प्रदेशद्वारा २०८० साउन १ गते प्रदेश राजपत्र अतिरिक्ताङ्क ११ मा प्रकाशित प्रदेश आर्थिक ऐन, २०८० बमोजिम भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका तपसिलमा उल्लेखित खोलाहरूबाट दुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्रीका साथै नगरपालिका भित्र संकल नभई निकासी हुने कवाडी निकासी एवं नगरपालिका भित्र उत्पादन भई निकासी हुने जीवजन्तु, फलफूल, तरकारी, जडिबुटी लगायतका वस्तुको निकासी कर संकलन गर्ने प्रयोजनका लागि (नदीजन्य पदार्थको हकमा सम्झौता भएको मिति देखि २०८१ साल जेष्ठ मसान्त सम्म र निकासी कर संकलनका लागि सम्झौता भएको मिति देखि २०८१ साल असार मसान्त सम्म) आ. ब. ०८०/०८१ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरूका अधिनमा रही ठेक्का प्रकृयामा आउन इच्छुक मुल्य अभिबृद्धि करमा अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरूले शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम प्रभु बैंक, भूमिकास्थान नगरपालिका, नुवाकोट शाखा स्थितयस कार्यालयको आन्तरिक आय खाता नं. २५८७०८६९८६८००१३८ मा रु.१०००।- (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचर पेश गरी यस कार्यालयबाट मिति २०८०/०६/०१ गते सम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ।

२. आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेंगाना र सहीछाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८०/०६/०२ गते दिनको १२:०० बजे भित्र भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ।

३. दाखिला भएका दरभाउपत्रहरू मिति २०८०/०६/०२ गते दिनको १:०० बजे भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट,अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ।

४. दरभाउपत्रदाताले आफूले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपालीभए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं. २५८७०८६९८६८०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यताप्राप्त बैंकद्वारा भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ।

५. दरभाउपत्र फाराम स्वीकृत भएपछि दरभाउपत्रदाताले कवोल गरेको कुल रकम तपसिल बमोजिमको बैंक खातामा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरेपछि दरभाउपत्रदाता सँग सम्झौता गरी ठेक्काको चलान पूर्जी दिइने छ।

तपसिल

नदीजन्यपदार्थको सम्झौताको हकमा बैंक खाताको विवरण :

खातावालाको नाम: भूमिकास्थान नगरपालिका, अर्घाखाँची

खाता नं.: २५८७०८६९८६८००११८, विभाज्यकोष खाता

बैंकको नाम र ठेंगाना: प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची।

निकासीको सम्झौताको हकमा बैंक खाताको विवरण :

खातावालाको नाम: भूमिकास्थान नगरपालिका, अर्घाखाँची

खाता नं.: २५८७०८६९८६८००१३८, आन्तरिक आयखाता

बैंकको नाम र ठेंगाना: प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची।

६. गत विगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेका फर्महरूले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन। तर भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्कालिनबाट बञ्चित गरिने छैन।

७. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरूपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. सबै ठेक्का नं. हरूमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ।

९. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अङ्कको बढीमा दश प्रतिशत सम्म रकम छूट दिन सकिनेछ।

१०. यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचना पार्टीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ।

११. प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सो को अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगर कार्यपालिकाको कार्यालयमा निहित हुनेछ।

१२. यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१३. यस सम्बन्धी अन्य कुरा बुझ्न परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९७८७/९८५७०६९७६६/९८५७०६६६०६ मा सम्पर्क गर्न सकिने छ।

ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्रीकर संकलन र निकासी कर संकलन सम्बन्धी ठेक्काको विवरण

ठेक्का नं.	विवरण	श्रोत संकलनकालागितोकिएको विन्दु	२०८०/०८१को लागि कायम न्यूनतम ठेक रकम (मु.अ.कर बाहेक)	संकलनगर्न पाउने रकम (१३% मु.अ.कर बाहेक)	इकाई	बार्षिक रूपमानिकाल्न सकिने परिमाण (घ.मी.)
3/BMA/W/IR/080/81	दुर्वाङ्ग खोला	आँप खोला भो.पू. देखि दक्षिण तर्फको बगर क्षेत्र, शतिघाट बगर क्षेत्र र बाङ्गेरह बगर क्षेत्र, दुर्वाङ्ग पिप्ली टापु सानीचौकी बगर क्षेत्र, दुर्वाङ्ग भो. पू. बगर क्षेत्र देखि दक्षिण तर्फको गंगटे देखि भगेनी र दुर्वाङ्गको संगम बगर क्षेत्र बिरौटा सम्म।	४८८०५८	६.००	प्रति क्यू फिट	२३०५
4/BMA/W/IR/080/81	खाकाबेसी खोला	पाकुरे/काउले बगर क्षेत्र	४४४६६	६.००	,, ,,	२१०

नगर भित्र उत्पादन भई निकासी हुने कवाडी जन्य वस्तु र खाद्यवस्तु

ठेक्का नं.	विवरण	निकासी कर संकलन सम्बन्धी शीर्षक	न्यूनतम एकमुष्ट रकम रु. (मु.अ.कर बाहेक)
5/BMA/W/IR/080/81	कवाडी निकासी	नगरपालिका भित्र उत्पादन भई निकासी हुने कवाडी जन्य वस्तु	५५०००
6/BMA/W/IR/080/81	निकासी कर	नगरपालिका भित्रउत्पादन भई निकासी हुने जीवजन्तु, फलफूल, तरकारी, जडिबुटी लगायतका वस्तु	७५०००

कन्टेनर उद्योगमै भविष्य खाज्दै आचार्य

राम अवतार चौधरी
चन्द्रौटा (कपिलवस्तु), १७ भदौ।

स्वादेशमा उद्योग कलकारखाना छन्। रोजगारीको वातावरण छैन। भएका पनि बन्द हुने अवस्थामा रहेको छ। हजारौं युवा बेरोजगारीले छट्पटिएका छन्। रोजगारीको खोजीमा करिब दिनहुँ २ हजार नेपाली युवा विदेशिने गरेको खबर सुनिने गरेका छन्। तर पनि स्वादेशमै रोजगारीको सिलसिलामा भविष्य खोज्नु स्वाभविक भएपनि पक्कै पनि सहज छैन। त्यहि असहज परिस्थितिको सामना गर्दै ३० बर्षिय युवा अल्मुनियम फुड कन्टिनर उद्योग सञ्चालन गरेर कन्टिनरमै भविष्य खोज्दै आएका छन्।

ती युवा हुन जीवन आचार्य। कपिलवस्तुको शिवराज नगरपालिका वडा नम्बर-११, जालिमबगियामा उनले उद्योग सञ्चालन गरी रमाउँदै आएका छन्। यतिबेला सिंगो देश नै जटिल अवस्थाको सामना गर्दै आएको सर्वधितै छ। २०७२ सालमा स्नातक तहको अध्ययन सकाए। रोजगारीको सिलसिलामा उनी भौतारी रहेका थिए। आचार्य २०७४ सालमा वैदेशिक रोजगारीको सिलसिलमा खाडी मुलूक पुगे।

खाडी मुलुक (कतार) पुगेका उनी एरवेजमा क्यासियरको रूपमा कार्यरत थिए। त्यहाँ कन्टिनर प्याकिङ भएका फुड बढी मात्रमा प्रयोग हुन्थ्यो। त्यहि कन्टिनरमा फुड प्याकिङ भएको वस्तु किन बढी प्रयोग हन्छ भन्ने कुराको रिसर्चमा उनले केहि समय व्यतित गरे। त्यसबाट आफूले स्वादेश फर्किएपछि केहि गर्न सकिन्छ कि भन्ने आत्मविश्वास बढाए। उनको रिसर्च अनुसार प्लाष्टिकमा खाद्यन्न वस्तु राखेमा तातिएर खाद्यन्नमा फुड पोइजन हुने हुनाले विदेशी नागरीकले कन्टिनरको प्रयोग गरेको सुनाए। कन्टिनरमा २०० डिग्री तातो सामाग्री राखेपनि फुड पोइजन नहुने हुनाले आफू प्रभावित भएको अनुभव व्यक्त गरे। र उता आफूले कमाएको थोरै-थोरै रकम पनि सञ्चित गर्दै गएका थिए।

करिब तीन बर्षको वैदेशिक बसाईपछि जीवन स्वादेश फर्किए। केहि समयपछि नेपालमा सो उद्योग र बजारीकरणको अवस्थाबारे करिब ६ महिना रिसर्च गरेका थिए। अझ यस उद्योगबाट उत्पादन भएका वस्तुलाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने बिषयमा भारतको गुजरातसहितको विभिन्न स्थानमा उनले अनुसन्धान गरेको उनी बताउँछन्। रिसर्चपछि करिब ३५ लाखको लागतमा सानो मेशिन भारतबाट ल्याएर उद्योग सञ्चालन गरेको थिए। मेशिन जडान गरेको महिना दिन नबित्दै पटक-पटक पार्टपुर्जा बिग्रिएर दुःख पाएको र अपरेटर नहुँदाको अनुभव उद्योगी आचार्यले सुनाए।

यस्तै गर्दै उनको लागि सिकाईको थलो बन्यो पहिलो पटकको मेशिनरी जडान र बजारीकरणको अवस्था। त्यतिबेला नेपालभर कन्टिनर उद्योग ७ वटा थिए। तर पनि वैदेशिक यात्रामा बुनेका सपना आचार्यको लागि दृढ बन्दै थियो असफल भएपनि प्रयास गर्न भने उनलै छाडेनन् बरु दोस्रो पटक सिकाईको अनुभवले बलियो बन्दै लगानी थप गर्दै भारतबाट पुनः मिडियम खालको मेशिनरी झिकाए। कन्टिनर उत्पादनदेखि बजार अवस्थाको त्यस वस्तुबारे त्यतिबेला सम्म उनी निकै ज्ञान हाँसिल गरेका थिए। कन्टिनर उद्योगीमा नेपालमै औंलमै गन्न सकिने उद्योगीको रूपमा उनी चिनिएका छन्।

बजारमा फुड कन्टिनरको माग व्यापक रहेको भएपनि फुद्याउन सकिने अवस्था भने छैन। केहि महिना त्यहि मेशिन प्रयोग पश्चात् बजारमा माग बढ्दै गएपछि उक्त मेशिनले साथ दिन छाडेको थियो। बजारको अवस्था केहि मात्रमा सुधार भएपछि पछिल्लो महिना पहिले नयाँ ठूलो मेशिन चिनबाट मगाई निरन्तर सञ्चालन भएको छ। तर सरकारले नचिनेको उद्योगलाई कसले चिन्नेछ भन्ने उद्योगीलाई चिन्ताको बिषय बनेको छ। विगतको तुलानात्मकरूपम सबै उद्योग व्यवसाय धारासायी अवस्थामा छन्। यता सरकारले करको दायरा बढाएर आफूहरू चपेटामा पारेको उद्योगीहरूको बताउँछन्।

स्थानीय बजारमा यसको लोकप्रियता बढेपनि खुद्रा व्यापारीले समस्या हुने गरेको छ। बिक्री भएपनि उद्यारो हुने समस्या हुने गरेको छ। बुटवल, भैरहवा लगायतको स्थानमा ५० प्रतिशत र काठमान्डौ, बिरगञ्ज, नेपालगञ्ज, धनगढी, ५० प्रतिशत उत्पादन बिक्र हुने गरेको छ। १ जना मेशिन अपरेटरसहित विपन्न परिवारका ५ जनालाई रोजगारी समेत उपलब्ध गराएको उनले बताए। प्रतिमहिना ८ मेट्रिक टून कच्चा पदार्थ खपत हुने गरेको बताउँदै कच्चा पदार्थ केहि मात्रमा भारतबाट अधिकांश मात्रमा चीनबाट आयत गर्ने गरेको उद्योगी आचार्यको भनाई छ।

उनका अनुसार देशभरीमा आफ्नो उत्पादन गरेका वस्तुको आधारमा तेस्रो नम्बरमा रहेको दावी छ। करको दायरा घटाएर सरकारले स्वादेशमा रोजगारी वातावरण सिर्जना गर्न आवश्यक देखिन्छ। लगानी उठ्न नसकेको अवस्थामा आयस्रोतभन्दा सरकारलाई कर तिर्नु पर्दा व्यवसायी मारमा झनै परेका छन्। प्रतिदिन फुड कन्टिनर १ लाख गोटा उत्पादन हुने गरेको बताउँदै देशव्यापीरूपमा थोक बिक्री हुने गरेको आचार्यले जनाए। अहिले उनको कम्पनीमा करिब डेढ करोड लगानी पुगेको छ। देशैभरी सम्बन्धित संगठनमा आबद्ध रहेको उद्योग २८ वटा रहेका छन्। जसमा यतिबेला आर्थिक मन्दिका कारण अधिकांश बन्द भइसकेका छन्। भएका पनि कतिपय बन्द हुने अवस्थामा छन्।

विद्यालयस्तरीय तथा खुल्ला टेबलटेनिस प्रतियोगिताको तयारी पुरा

बुटवल (बुटवलटुडे), १७ भदौ - बुटवल टेवल टेनिस क्लवको आयोजनामा प्रथम कृष्ण जन्मअष्टमी जिल्ला स्तरिय स्कुल तथा खुल्ला टेबल टेनिस प्रतियोगीता हुने भएको छ।

बुटवल देवीनगरमा यहि भदौ १९ र २० गते आयोजना हुने प्रतियोगीताको सबै तयारी पुरा भएको जनाइको छ। क्लवका अध्यक्ष धिरेन्द्र तुलाधरका अनुसार विद्यालयका विभिन्न स्तर, खुल्ला गरी ११ वटा विधामा प्रतियोगिता हुने छ। जसमा करिब ३ सय भन्दा बढि खेलाडी सहभागी हुने अपेक्षा लिइएको छ। खेल संयोजक नवि शाक्यका अनुसार प्रतियोगीतामा खुल्ला तर्फका विजेताहरूलाई नगद पुरस्कारको व्यवस्था गरिएको छ भने विद्यालय स्तरका विद्यार्थीहरूको लागि कप, मेडल, प्रमण पत्रको व्यवस्था गरिएको छ।

विगतका बर्षहरू नियमित रूपमा प्रतियोगीता गर्दै आएको बुटवल टेवल टेनिश क्लव कोभिड पश्चात प्रतियोगिता आयोजना गरेको हो। अहिले सम्म प्रतियोगीताको लागि २ सय ८० जनाले सहभागीताको नाम दर्ता गरिसकेका छन्। जसमा २० वटा विद्यालयको सहभागीता निश्चीत भैसकेको छ भने अन्य पनि आउने संभावना रहेको छ। रूपन्देही जिल्लाका जुनसुकै विद्यालय बाट विद्यार्थीले कक्षा र उमेर समुह अनुसार प्रतियोगीतामा सहभागीता जनाउन पाउने छन्।

११ वटा विधामा विजेताहरूलाई बुटवल हिल्स लुम्बिनी केवल कारको निःशुल्क टिकट शोजन्य गरेको छ भने सिंगल र डवल मोडलमा प्रतियोगीता सञ्चालन हुने छ।

क्रिमसन अस्पतालमा सामाजिक सुरक्षा लागू

बुटवल (बुटवलटुडे), १७ भदौ। क्रिमसन अस्पतालमा सामाजिक सुरक्षा कोषमा आबद्ध कर्मचारी तथा श्रमिकको उपचार सेवा शुरु गरिएको छ।

यही भदौ दोस्रो साताबाट सामाजिक सुरक्षा कोषमा आबद्ध योगदानकर्ताको उपचार शुरु गरिएको अस्पतालका अध्यक्ष दुर्गाप्रसाद पाण्डेले जानकारी दिनुभयो। सम्झौता अनुसार अब परिचय पत्र (कार्ड) देखाएर सेवाग्राहीले क्रिमसन अस्पतालबाट ८० प्रतिशत छुट सहितको उपचार सेवा लिन सक्नेछन। योगदानकर्ताले अब क्रिमसनमा उपचार गर्दा भएको कुल खर्चको २० प्रतिशत मात्रै रकम बुझाए पुग्नेछ।

जिफण्ट रूपन्देहीका अध्यक्ष तिलोत्तमा ७ भलवारी निवासी केशवराज उपाध्यायले क्रिमसन अस्पतालमा गई पहिलो सेवाग्राहिको रूपमा संझौता अनुसारको सामाजिक सुरक्षा कोषमा आबद्ध कर्मचारीले पाउने सेवा लिएको अस्पतालका प्रमुख प्रशासकीय अधिकृत मनमोहन भट्टराईले जानकारी दिए।

अनलाइन सेवा सञ्चालन भई सामाजिक सुरक्षाकोषसँग संझौता गरेका क्रिमसन लगायतका अस्पतालबाट अब सहजै योगदानमा आधारित सामाजिक सुरक्षाकोषले दिने भनिएको स्वास्थ्य सुबिधा लिन पाइनेछ।

यसैगरि कोषले उपलब्ध गराएका औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजना अन्तर्गतका स्वास्थ्य सुविधा लिँदा योगदानकर्ताले पछि दाबी गर्नुपर्ने झन्झटबाट मुक्त हुनेछन्।

सामाजिक सुरक्षा योजना संचालन कार्यविधि २०७५ बमोजिम नियमित योगदान गर्ने योगदानकर्ताले अब सरल र सहज ढंगबाट आफ्नै गाउँठाउको क्रिमसन अस्पतालबाट सरल स्वास्थ्य सुविधा पाउने गरि संझौता गरिएको अस्पतालका निर्देशक शेखर पोखेलको भनाई छ।

कृषक समूह आबद्धलाई पम्पसेट बितरण

कपिलवस्तु (बुटवलटुडे), १७ भदौ- कपिलवस्तुको मायादेवी गाउँपालिका वडा नं. २ का कृषक समुहलाई २० सेट पम्पसेट बितरण गरिएको छ। वडाका मनखोरिया कृषक समूह, भरवलिया कृषक समुह र अभिराव कृषक समुहको उपसमुहमा आबद्ध कृषकलाई सिचाईमा सहजताका लागि पम्पसेट, सेक्सन पाईप र डेलिभरी पाईप बितरण गरिएको हो। ईस्लामिक रिफिल नेपालको आर्थिक सहयोगमा लुम्बिनी एकिकृत बिकास संस्था (लिडो नेपाल) द्वारा सञ्चालित न्युन आय भएका संकटासन्न समुदायको उत्थानशिलता अभिबृद्धि कार्यक्रम अर्न्तगत सामाग्री बितरण गरिएको हो। संस्थाले परियोजना अन्तर्गत जिल्लाको शुद्धोधन गाउँपालिकाको वडा नम्बर १, २ र ६ तथा मायादेवी गाउँपालिकाको २, ४, ५, ७ र ८ मा गरि ८ वटा वडामा कार्यक्रम सञ्चालन गरेको छ। जसमा २४ वटा कृषक समुह अर्न्तगत १ सय ३६ उपसमुहमा ६ सय जना कृषक लाभग्राही रहेका छन।

परियोजना अन्तर्गत सबै १ सय ३६ कृषक उपसमुहलाई सिचाईमा सहजताका लागि पम्पसेट, सेक्सन पाईप र डेलिभरी पाईप बितरण गर्न थालिएको हो। एक कार्यक्रमका बिच मायादेवी गाउँपालिकाका अध्यक्ष वलिउद्दिन मुसलमान, वडा नम्बर २ का अध्यक्ष मोहम्मद हुसेन मुसलमानले कृषक उप समुहलाई पम्पसेट बितरण गरेका हुन। समयमै बर्षा नहुदाँ कृषकलाई सिचाईको समस्या हुदै आएको भए पनि परियोजना मार्फत पम्पसेट उपलब्ध गराईए पछि सिचाईमा सहजता हुने अभिराव कृषक समूहकी सोमौया खातुनले बताईन। सिचाई अभावका कारण हुने खडेरीका कारण कृषी उपजको उत्पादनमा हुने नोक्सानी कम गर्न सहयोग मिल्ने उनको बुझाई थियो। परियोजनाद्वारा कृषक केन्द्रित भई सञ्चालन गरिएका कार्यक्रमले लक्षित कृषकलाई प्रत्यक्ष लाभान्वित बनाएको परियोजनाका कार्यक्रम अधिकृत शरदचन्द्र केसीले बताए। मनसुन समयमै नहुने र खडेरीको समस्या भोग्दै आएका कृषक समुहलाई लक्षित गरि पम्पसेट, सेक्सन पाईप र डेलिभरी पाईप बितरण गरिएको संस्थाका परियोजना संयोजक सरोज बेल्बासेले बताए। उनले यस अघि कृषक समुहमा आबद्ध सबै ६ सय जना कृषकलाई धानको बिउ, जिंङ्क, न्यानो युरिया, स्प्रे टयाङ्की र झार गोड्ने दाँते बितरण गरिएको जानकारी दिए। परियोजनाले कृषकको आय आर्जनमा टेवा पुर्याउने र दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने उनको भनाई थियो। संस्थाले कृषकलाई प्रत्यक्ष लाभ पुग्ने गरी कार्यक्रम सञ्चालन गर्दै आएको वडा नम्बर २ का अध्यक्ष मोहम्मद हुसेन मुसलमानले बताए। परियोजनाबाट प्राप्त ज्ञान, सिप र प्रबिधीको प्रयोग गरि पालिकाका कृषकले कृषी उत्पादनमा बृद्धि गर्ने र आय आर्जन बढाउन सहयोग मिल्ने गाउँपालिका अध्यक्ष वलिउद्दिन मुसलमानले बताए। कृषीलाई आधुनिकीकरण गर्न पालिकाले कृषी क्षेत्रका कार्यक्रमलाई टेवा दिएको उनले प्रष्ट्याए।

बुटवल रक्स पाँचौं बर्षमा

बुटवल (बुटवलटुडे), १७ भदौ। रूपन्देहीमा रहेका रक गायकहरूको ब्याडहरूले बुटवल रक्सको पाचौं वार्षिक उत्सव मनाएको छ। बुटवलको कन्सेप्ट क्लबमा भएको कार्यक्रमको संगितकर्मी सुरेश सेन्चुरीले संगितको महत्व र समयसापेक्ष परिवर्तनका बारेमा बताए। पुराना संगीत, पुराना व्याण्डहरूको र अहिलेको युवा व्याण्ड, फरक कला शैली, ती दिनहरूमा प्रयोग हुने म्युजिक सिस्टम, कार्यक्रम स्थलसंगै संगितप्रेमीहरूमा परिवर्तन आएको बताए।

अग्रज संगीतकर्मी नारायण थापा, सुदन बास्कोटा लगायत पुर्वान्चल रक्सका बोर्ड सदस्य उत्सव भट्टराईले स्थानिय कलाकारलाई प्रोत्साहन मिल्ने गरि ब्याड संचालन भएको बताए। बुटवल, पाल्पा, भैरहवा सेरोफेरोमा रहेका संगीतिक व्याण्डहरूको साझा समूहका रूपमा

कार्यक्रममा सिन्थेसिस नेपाल व्याण्ड लगायत संगीतकर्मीहरूद्वारा आफ्नो प्रस्तुती संयुक्त रूपमा प्रस्तुत गरेका थिए। कार्यक्रमलाई थप उत्साह बनाउन ड एज व्याण्ड, रकजिन, म्युजिक हब, सिम्फोनी म्युजिक, म्युजिक सप, हाम्रो बुटवल खस्यौलीबाट राफल चिठ्ठाको पनि आयोजना गरि गिफ्टहरू सहयोग स्वरूप प्राप्त भएको बुटवल रक्सका सचिव अनुप प्रधानले बताए।

बुटवल रक्सको पाचौं वार्षिक उत्सव कार्यक्रम सुरज हितानको संयोजकत्वमा भएको थियो भने लाइट र एलइडि स्क्रिन धिरज सुनार, लोगो डिजाइनमा सुजन मानन्धर, साउण्ड टेक्निसियन लब श्रेष्ठले गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि सुरेश सेन्चुरीज्युलाई मायाको चिनो प्रदान गरिएको थियो। त्यसैगरी कार्यक्रम स्थल सहयोग प्रदान गरिएकोमा कन्सेप्ट क्लबलाई सम्मान स्वरूप फ्रेम्ड सर्टिफिकेट प्रदान गरिएको थियो।

कार्यक्रमले स्थानीय व्याण्डहरूको पहिचानसँगै एकता कायम गर्दै अगाडि बढ्न प्रेरित गरेको र आगामी दिनमा अझै कलात्मक कार्यक्रमहरू आयोजना गरिने र यसमा सम्पूर्ण संगीतकर्मीहरूको साथ, सल्लाह रहिरहन्छ भन्ने कामना बुटवल रक्सका अध्यक्ष बसन्त श्रेष्ठले बताए। कार्यक्रममा कन्सेप्ट क्लबका संचालक अतित थापाले कलाकारहरूलाई निरन्तर साथ गरिरहने प्रतिबद्धता जनाए।

कुसुम सहकारीद्वारा शुभकामना आदानप्रदान

बुटवल (बुटवलटुडे), १७ भदौ- कुसुम बहुउद्देश्यीय सहकारी संस्था बुटवल शाखाले तिजको अवसरमा हिन्दु महिलाहरूको महान चाड हरितालिका तीजको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ।

कार्यक्रममा बोल्दै सहकारीका अध्यक्ष सुरेश ढकालले हरितालिका तीजको अवसरमा सम्पुर्ण महिलाहरूलाई शुभकामना ब्यक्त गर्दै तीज पर्वले महिला दिदीबहिनीहरूमा एकाआपसमा सद्भाव र एकता सन्देश दिने बताए। सदस्य मैत्री बनाउनका निम्ति शुभकामना आदानप्रदान तथा दर खाने कार्यक्रम गरेको जिकिर गरे। कुसुम सहकारीले समय समयमा विभिन्न कार्यक्रम आयोजना गरेको स्मरण गर्दै आगामी दिनमा पनि विभिन्न रचनात्मक कार्यक्रम गर्ने बताए। पाल्पाको तानसेन प्रधान कार्यालय रहेको सहकारीको गुल्मी र रूपन्देही गरि ३ जिल्लामा शाखा बिस्तार गरि उत्पादनमुलक क्षेत्रमा लगानी गरेका बताए।

सहकारीले कार्यक्रमको अवसरमा दैनिक ज्याला मजदुरी गरि सहकारीमा नियमित रूपमा बचत गर्ने संस्थाकी सदस्य लक्ष्मी आचार्यलाई सम्मान गरिएको थियो।

ADMISSION OPEN
Distance & Online Education
BA (Economics)
MA (Economics),
BBA, MBA,
B.Com, M.Com
City Education Foundation
Koteshwor, Kathmandu
01-4612033/9841206019
Email: cityfoundation@gmail.com

vianet viaTV
ठुलो हुदैमा सधै राम्रो हुदैन
Smart बन्नुहोस् र तपाईलाई मिल्ने इन्टरनेट रोज्नुहोस् ।
७५ Mbps
रू. ९०० / महिना*
बुटवल आसपास (प्रादेशिक फोन नम्बर): ०१-५९७०४५८

ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
■ लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ ।
■ ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ ।
■ यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
■ लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
■ ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
■ यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. त्रिलोकी केवट
लुम्बिनी सफा सेनेटरी, अमवा ठुटी पिपल
मो. ९८१५४३४५५४, ९८६००८६७११

ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस् ।
पाल्पाली मगर सम सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

ट्वाईलेट सफा गराउनुहोस्
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिईने छ।
तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल-१० सुखखानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोन: ०७१-५५४६४०, ५५४६४२, इमेल: newsbutwaltoday@gmail.com (News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online)
अध्यक्ष: हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/प्रवन्ध सम्पादक : नवराज कुँवर, सम्पादक: कृष्ण मल्ल, मुद्रण: पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.